Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

# प्रेस बिज्ञप्ति

माछापुच्छ्रे बैक लिमिटेडले आज मिति २०६४ कार्तिक १४ गते बुधबार देखि सुनसरीको ईटहरीमा आफ्नो १३ औं शाखा संचालनमा ल्याएको छ । बैकले आफ्नो ईटहरी शाखाबाट निक्षेप संकलन तथा कर्जा प्रबाह लगायतका सम्पुर्ण बैकिङ्ग सेवाहरु उपलब्ध गराउने ब्यवस्था मिलाएको छ भने ग्राहकहरुको सुबिधाको लागि बैकले ईटहरीमा आफ्नै ATM जडान गरेको छ भने सोही शाखाबाट 365 days Banking तथा Evening Counter को सुबिधा आफ्नो ग्राहक बर्गलाई उपलब्ध गराएको छ ।

हाल बैंकले आफ्नो १३ वटा शाखा , ११ वटा ATM तथा काठमाण्डौंको थापाथलि र बालुवाटार स्थित आफ्नो बिस्तारीत काउण्टरबाट सेवा प्रदान गर्दै आईरहेकोमा निकट भबिष्यमा बैकले ईलाम,धनकुटा,तनहुँको आँबु खैरेनी तथा दुलेगौंडा, स्याङ्गजाको वालिङ्ग, बाग्लुङ्ग, नारायणघाट,बुटवल तथा म्याग्दीको बेनी मा शाखा कार्यालयहरु संचालनमा ल्याउने भएको छ ।

बैंकले आफ्ना ग्राहकहरुलाई गुणस्तरिय आधुनीक बैकिगं सेवा सुबिधा प्रदान गर्ने क्रममा बैंकले नियमित बैकिंग कारोबारका अतिरीक्त Any Branch Banking, Internet Banking, Mobile Banking, ATM, On Line Mobile Bill Payment, Telephone Bill Payment, Locker facilities, 365 Days Banking, Evening Counter, जस्ता अत्याधुनिक सेवाहरु उपलब्ध गराउदै आएकोछ ।

बैकले आफ्नो ग्राहक महानुभावहरुको सुबिधालाई ध्यानमा राखि साधारण बचत खाता, रोयाल बचत योजना, महिलाहरुको लागि पेवा बचत योजना,यूवाहरुको लागि यूवा बचत योजना , शेयरधनी महानुभावहरुको लागि शेयरधनी बचत खाता तथा तलब ब्यबस्थापन योजना मार्फत आफ्ना सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

बैंकले २०६४ साल आश्विन मसान्त सम्ममा ९ अरब ५३ करोड निक्षेप संकलन गरी ७ अरब ७६ करोड कर्जा प्रबाह गरेको छ ।

मिति २०६४ । ०७ । १३